प्रदेश सरकार
प्रदेश नम्बर ५
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बांके

☎ : ०८१-५२००२७
: ०८१-५२०२२५
फ्याक्स नं. : ०८१-५२६५४७
टोलफ्रि नं. : १६६-०८१-५२०००
email : akcbanke@gmail.com

प.सं. : २०७५/०७६
च.नं.

उच्च मूल्य जाने तरकारी तथा तरकारीका बेर्ना उत्पादनका लागि नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस निमार्ण तथा संचालन गर्न अनुदान उपलव्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना

सूचना। सूचाना।। सूचना।।।

**(प्रथम पटक प्रकाशित मिति २०७५/१२/२६)**

यस केन्द्रको आ.ब.२०७५/०७६ को स्विकृत कार्यक्रम अनुसार उच्च मूल्य जाने तरकारी तथा तरकारीका बेर्ना उत्पादनको लागि **नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस** निर्माणको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा बाँके जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फार्म, निजि कृषि कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकासन भएको मितिले **३० दिन भित्र (२०७६/०१/२५ सम्म)** मा तोकिएको ढाँचामा आवश्यक कागजातहरु एवम् व्यावसायिक प्रस्ताव सहित आवेदन आव्हान गरिएको छ। थप जानकारीका लागि कृषि ज्ञान केन्द्र बाँकेमा सम्पर्क गर्नु हुन अनुरोध छ।

आवेदकसंग संलग्न राख्नुपर्ने कागजातशरु :

१. रु.१० को टिकट टाँसेको अनुसूचि ३ अनुसारको निबेदन।
२. नेपाली नागरिकताको प्रतिलिपी
३. आवेदक कानुन बमोजिम दर्ता भएका कृषि समुह, कृषि सहकारी वा प्राइभेट फार्म निजि उद्धमी हुनु पर्ने।
४ आवेदकले कानुन बमोजिम सबै दायित्व पुरा गर्नुपर्ने जस्तैः दर्ता, नबिकरण, कर चुक्ता, स्थायी लेखा नंम्बर तथा लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि पेश गर्नुपर्ने छ। कृषक समुहको हकमा दर्ता भई नविकरण भएको हुनुपर्ने छ। (नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणको लागि कम्तिमा २ आर्थिक बर्षे पुरा गरेको हुनुपर्ने)
५. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणको आफ्नै स्वामित्वमा प्रस्ताबित पुर्वाधार निर्माण गर्नका लागि पर्याप्त जमिन भएको वा लिजमा लिएको भए कम्तीमा १५ बर्षको करारनाम हुनुपर्ने छ। उक्त करारनामा अनुमति प्राप्त गरेका कानुन व्यबसायीले प्रचलित कानुन अनुसार तयार गरेको हुनुपर्ने छ। साथै लिजमा लिएको वा आफ्नो स्वामित्वको जमिनको लालपुर्जाको छायाप्रति अनिबार्य संलग्न राख्नुपर्ने छ।
६. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणका लागि कार्यबिधि अनुसार न्यूनतम १००८ बर्ग मिटरको क्षेत्रफलमा तयार गर्नु पर्नेछ।
७. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस निर्माणका लागि कोटेशन, डिजाइन, लेआउट तथा लागत इस्टिमेट मान्यता प्राप्त प्रबिधिक वा फर्म (आपुर्तिकर्ता) बाट अनिवार्य रुपमा तयार भएको हुनुपर्नेछ।
८. सँलग्न हुने प्राबिधिकहरुको व्यक्तिगत विवरण र तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी।
९. प्रस्ताबित जमिनमा सडक, पानी तथा बिजुली रहे नरहेको र प्राबिधिक उपयूक्तता रहे नरहेको खुल्ने व्यहोराको सम्बन्धित स्थानिय कृषि शाखाको सिफारिस पत्र।
१०. सम्बन्धित स्थानिय तहको (वडा कार्यालय)सिफारिस पत्र।
११. आबेदकसंग रहेको लगानीका श्रोतहरुको आधार (बैंक मोज्दात वा बैक ग्यारेन्टी पत्र)।
१२. आबेदकको प्रबन्ध पत्र वा विनियावलिको छाँयाप्रति।
१३. अनुसूचि ४ अनुसारको व्यवसायिक योजना र अनुसूचि ५ अनुसारको प्रतिबद्धता पत्र पेश गर्नु पर्ने छ।

सम्पर्क : कृषि ज्ञान केन्द्र, बाँके फोन नं.०८१–५२०२२५, ५२००२७

२०७५/१२/२६

नि. प्रमुख